# विश्व व्यापार संगठनमा नेपालको चासो कम भएको गुनासो

**●हटलाइन संवाददाता**
पोखरा, १६ मंसिर


विश्व व्यापार संगठनमा नेपालको चासो कम भएको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् ।

दक्षिण एशियाली व्यापार संगठन तथा पोखरा उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा शुक्रवारदेखि पोखरामा शुरु भएको विश्व व्यापार संगठनमा नेपालले गरेका प्रतिवद्धता प्रति सरोकारवालाको भूमिका विषयक दुईदिने कार्यशाला गोष्ठीको अवसरमा वोल्ने वक्ताहरुले सो कुरा वताएका हुन् ।

नेपाल र नेपाली उद्यमीले विश्व व्यापार संघठनमा चासो नदिदा पाउनु पर्ने कुरा फुत्कन गएको उनीहरुले वताए ।

देशमा वढ्दो संक्रमण र राजनीतिक प्रवृतिले गर्दा उद्योग धन्दामा नै खराव सूचकहरु देखा पर्न थालेको सहभागीहरुको टिप्पणी छ ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्र वहादुर क्षेत्रीले नेपालका नीजि व्यवसायीहरु कमाउने धन्दामा लागेकोले विश्व व्यापार सँगठनमा भएका साझेदारी अर्थहिन वन्दै आएको वताए ।




उनले व्यवसा कमाउने धन्दामा भन्दा सामा क्षेत्रमा पनि उत्तिकै सक्रीय वन्नु पर्ने धारणा व्यक्त गरे ।

राज्यले व्यपार प्रवर्द्धनको निम्ती छुट्याएको रकम व्यपारीहरुले अन्य क्षेत्रमा खर्चिएर त्यसको उपयोगिताको नै अवमूल्यन गर्ने काम भएकोले जति उपलव्धि हाँसिल हुनु पर्थ्यो सो अनुसार नभएको क्षेत्रीले धारणा राखे ।

नेपालका व्यवसायीहरु कमाउ धन्दामा भन्दा सेवा दिने चरित्र र व्यपार गर्ने शैलीका कुशलतामा

बाँकी २ पेजमा

# विश्व व्यापार...

आफूलाई ढाल्नु पर्ने उनले भनाई राखे ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै जीवराज कोईरालाले सेवा, वस्तु र वौद्धिक व्यापारको सन्तुलन भएमा देशको आर्थिक क्रान्ति छिट्टै हुने वताए ।

उनले पछिल्लो समयमा व्यपार व्यवसायमा धेरै चुनौति भएकोले चुनौति सँग डराएर नभई सैद्यान्तिक हिसावले अगाडि वढ्नु पर्ने खाँचो रहेको वताए ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णमोहन श्रेष्ठले व्यवसायीलाई सरकारले वेला वेलामा जागरुक वनाउन् पर्ने धारणा राखे ।

दक्षिण एशियाली व्यपार संगठनका अध्यक्ष पौषराज पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका एशोसिएट सदस्य निरञ्जन श्रेष्ठले पनि बोलेका थिए ।